**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण:आ.व.०७३/७४ को चौथो त्रैमासिक अवधीको विवरण**

१ **निकायको स्वरुप प्रकृति:**
कृषि विकास बैंक ऐन, २०२४ अर्न्तगत स्थापना भै हाल कम्पनी ऐन,२०६३ बमोजिम रुपान्तरण हुँदै कृषि विकास बैंक लि.को नामबाट बैंक तथा वित्तीय संस्था ऐन,२०६३ बमोजिम संचालित बैंक ।

२ **निकायको काम, कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३ **निकायमा रहने कर्मचारी संख्या र विवरण**
स्थायी तथा करार गरी कर्मचारी संख्या २६२५ निजहरुको कार्यविभाजन पद र क्षमताको आधारमा जिम्मेवारी तोकिएको छ । व्यवस्थापन समूहमा रहने कर्मचारी सदस्यहरुको नाम बैंकको वेवसाईट www.adbl.gov.np/

४ **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, मा व्यवस्था भए बमोजिम “क” वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरु ।

५ **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
बैकिङ्ग सेवा प्रदान गर्ने शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट www.adbl.gov.np/ मा राखीएको छ ।

६ **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी:**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधी यस बैंकको वेवसाईट www.adbl.gov.np/ अर्न्तगत Financials खण्डमा प्रकाशित गरिएको छ ।

७ **निर्णय गर्ने प्रक्रिया र अधिकारी:**
बैकिङ्ग सेवा प्रदान गर्ने सिलसिलामा विभिन्न चरणमा गर्नु पर्ने निर्णयलाई प्रचलित ऐन,नियम तथा कार्यविधिका आधारमा प्रक्रिया मिलाइएको छ भने बैंकको प्रमुख कार्यकारी अधिकृत र संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८ **निर्णयउपर उजुरी सुन्ने अधिकारी:**
बैंक व्यवस्थापनबाट भएको निर्णय उपर चित्त नबुझेमा संचालक समिति समक्ष पुनारावेदन गर्न सकिने व्यवस्था र ग्राहक गुनासोको हकमा प्रमुख कार्यकारी अधिकृतको कार्यालय अर्न्तगत ग्राहक गुनासो तथा सम्बन्ध व्यवस्थापन ईकाई समेत व्यवस्था गरिएको ।

९ **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ मा “क” वर्गमा रहेका वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भै रहेका छन

१० **सूचना अधिकारीको नाम र पद:**
नाम: हिमलाल पौडेल
पद: शाखा प्रमुख
फोन नं. ४२६४०१६ Email : himlal.paudyal@adbl.gov.np

११ **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि:**
प्रचलनमा रहेका सम्पूर्ण ऐन, नियम,विनियम,र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम,विनियम र निर्देशिकाहरु बैकिङ्ग कारोबारका लागि प्रमुख रुपमा रहेका छन् ।

१ कम्पनी ऐन , २०६३
२ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
३ नेपाल राष्ट्र बैंक ऐन, २०५८
४ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
५ बैकिङ्ग कसुर तथा संजाय ऐन,२०६४
६ सम्पत्ति शुद्धिकरण (मनी लाउन्डयरिङ्ग) निवारण ऐन, २०६४
७ धितोपत्र सम्बन्धी ऐन, २०६३
८ सुरक्षीत कारोबार ऐन, २०६३
९ करार एने, २०५६
१० विनिमय अधिकारपत्र ऐन, २०६४
११ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१२ उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम, विनियमहरु तथा बैंकमा प्रचलनमा रहेका कार्यविधिहरु
१३ नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका तथा समय/समयमा भएको निर्देशनहरु

१२ **आम्दानी तथा खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण:**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरु राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुदै आएको छ भने उक्त विवरणहरु बैंकको वेवसाईट www.adbl.gov.np मा समेत प्रकाशित गरिदै आएको छ ।

१३ **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
श्री लिला प्रकाश सिटौला
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लि. मुख्य कार्यालय रामशाहपथ, काठमाडौ ।
फोन: ०१४२६२६९०, Email: ceo_68@adbl.gov.np

१४ **अघिल्लो आर्थिक वर्षमा सार्वजनिधक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**
बैंकले आफ्नो नियमित गर्नु पर्ने बैकिङ्ग कारोबारका अलाव वित्तीय साक्षरता कार्यक्रम, नेपाल सरकारको सहयोगमा सामाजिक सामुदायिक कार्यक्रम, लघुवीमा कार्यक्रम, युवा स्वरोजगार कर्जा र व्यवसायिक कृषि कर्जा कार्यक्रम संचालन गर्दै आएको ।

१५ **सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण:** www.adbl.gov.np

१६ **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सोको विवरण:**
बैंकल प्राप्त गरेका वार्षिक प्रगति तथा विवरणहरु बार्षिक प्रतिवेदनका रुपमा प्रकाशित भै बैंकको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । यसका अलाव बैकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित गरि बैंकको वेवसाईटमा समेत प्रकाशन गरिदै आएको छ ।

१७ **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**
बैंकबाट वार्षिक रुपमा संचालन गरेका कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन हुंदै आएको छ भने बैंकको वेवसाईटमा समेत प्रकाशन गरिएको छ ।

१८ **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण तोकिएको समय अवधी:**
हाल सम्म सूचना वर्गिकरण नगरिएको ।

१९ **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:** उल्लेखित अवधीमा सूचना माग नगरीएको ।

२० **सार्वजनिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:**
बैकको वेवसाईट www.adbl.gov.np र राष्ट्रिय दैनिक पत्रिकाहरुमा हकप्रद शेयर बाँडफाँड तथा १० औ वार्षिक साधरण सम्बन्धी लगायतका अन्य सूचना प्रकाशित गरिएको ।

कृषि विकास बैंक लि.
मुन्य कार्यालय रामशाहपथ काठमाडौ ।